सुनिलस्मृती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं:कृ.शा-२०८२/०८३

च.नं:सूचना

## ७५% अनुदानमा प्याजको बिरुवा माग गर्ने सम्बन्धी सूचना !

दोस्रो पटक प्रकाशित मितिः २०८२/०८/१७

प्रस्तुत विषयमा यस सुनिलस्मृति गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक "लसुन प्याज खेती प्रवर्द्धन कार्यक्रममा" ७५% अनुदानमा प्याजको बेर्ना वितरण गरिने भएको हुदाँ यस गाउँपालिका भित्र रहेका व्यवसायिक रुपमा प्याज़ खेती गर्न इच्छुक व्यवसायिक कृषक/कृषक समुह/कृषि फर्मले बिरुवाको आवश्यक परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८२/०८/२३ गते) भित्र गाउँपालिकाको कृषि विकास शाखामा वा सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातः**

१) निवेदन (तोकिएको ढाँचामा)

२) नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

३) जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी।

४) फर्म दर्ता भए सोको दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर तथा गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

५) कृषक समूहको हकमा समूह दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी, सदस्य संख्या तथा परिमाण खुल्ने समूहको निर्णय प्रतिलिपी, स्थायी लेखा नम्बर तथा गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

पुनश्चः न्यूनतम् १ रोपनी जग्गामा प्याज खेती गर्नुपर्नेछ। प्याजको सिफारिस बिरुवा संख्या प्रति रोपनी २५,०००-३०,०००।- रहेको समेत जानकारी गराईन्छ।

२०८२।०८।१७

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"*

ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेबसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०